"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

स्थानीय सरकार

तिलागुफा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८३/०८४

च.नं. :

सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना

सूचना नं : ०४

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१३

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम र " म स्वस्थ,मेरो समुदाय स्वस्थ कार्यक्रम" सञ्चालन गर्न तपसिल बमोजिमका पदहरुमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समयभित्र माग गरिएको विवरण सहित यस नगरपालिकाको प्रशासन उपशाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

क.स.	विज्ञापन नं	पद	माग पद संख्या	कैफियत
१	०१/२०८३/०८४	सूचना प्रविधि अधिकृत (सातौं)	१ जना	
२	०२/२०८३/०८४	जनस्वास्थ्य अधिकृत (सातौं)	१ जना	

शैक्षिक योग्यता :

पद	न्यूनतम् शैक्षिक योग्यता
सूचना प्रविधि अधिकृत (सातौं)	मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्यूटर साइन्स विषयमा स्नातक वा कम्प्यूटर इन्जिनियरिङ्ग विषयमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साइन्स लिई ३ वर्षे स्नातक वा विज्ञान विषयमा स्नातक गरी स्वीकृत संस्थाबाट System Analysis Design र Software Development मा कम्तीमा ९ महिनाको Diploma प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर वा BE./ BTech.Electronics and Communication Engineering वा Information and Communication Technologies वा सो सरहका विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, B.ScIT, B.Ed ICT,B.Sc CSIT) गरेको ।
जनस्वास्थ्य अधिकृत (सातौं)	मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक (BPH) वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको ।

अन्य आवश्यक योग्यता :

१. उमेरको हद :- २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (जनस्वास्थ्य अधिकृत, महिला र अपाङ्ग व्यक्तिको हकमा ४० वर्ष ननाघेको) ,

२ आवश्यक कागजातहरु : शैक्षिक योग्यताका SLC/ SEE देखि स्नातक तह सम्मका सबै कागजातहरुको प्रतिलिपी ,नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र तिलागुफा नगरपालिका करार जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७४ को अनुसूची १ बमोजिमको दरखास्त फारम ,

३.दरखास्त दस्तुर :- यस नगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको आन्तरिक राजस्व खाता ग १.१ खाता न नं ०६२०१४००२५००९ मा रु १,२००।(एकहजार दुई सय मात्र) बुझाएको सक्कलै रसिद ,

४ परीक्षाको किसिम : लिखित र अन्तरवार्ता (सूचना प्रविधि अधिकृतको हकमा प्रयोगात्मक समेत) ,

५. परीक्षा मिति : पछि प्रकाशन गरिनेछ .

६. सेवा, सुविधा : प्रचलित कार्यक्रममा व्यवस्था भए बमोजिम

७ . पाठ्यक्रम : लोकसेवा आयोगले सम्बन्धित सेवा समूहका लागि निर्धारण गरे बमोजिम ।

....

विष्णु प्रसाद काफ्ले

प्रमुख प्रशासकीय अधिकृत

Website : www.tilaguphamun.gov.np | Email : tilagufamun@gmail.com | Phone No.: 9858320054

CamScanner